# नारायण नगरपालिका, दैलेख

# वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२

प्रमाणीकरण मिति: २०८२/०९/२५

**१. प्रस्तावना :**

नेपालको संविधानको धारा २२१ र धारा २२६ को उपधारा (१), अनुसूची ८ र ९ एवं नगरपालिका सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नारायण नगरपालिका क्षेत्रभित्रका नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक अधिकारको संरक्षण गर्नुका साथै वन तथा प्राकृतिक स्रोतमाथि नगरपालिका र समुदायको अधिकारलाई व्यवहारिक रूपमा प्रत्याभूत गराउँदै; वन र प्राकृतिक स्रोतको दिगो व्यवस्थापन, समुचित उपयोग र विकासबीच सन्तुलन कायम गरी वन स्रोतबाट प्राप्त अधिकतम लाभको न्यायोचित वितरणको माध्यमबाट स्थानीय विकासका आर्थिक, सामाजिक, पर्यावरणीय र भौतिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याई आर्थिक समृद्धि एवं दिगो विकासको लक्ष्य प्राप्त गर्न; तथा वातावरणीय प्रदूषण र ह्रासबाट हुने क्षति न्यूनीकरण गर्दै जलवायु परिवर्तनका चुनौतीहरूको सामना गर्न र जैविक विविधता एवं प्राकृतिक सम्पदाको दिगो संरक्षणमा जिम्मेवारी तुल्याउन नगरपालिकामा आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नारायण नगरपालिकाको दोस्रो नगरसभाको १७ औं अधिवेशनले यो "*वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२*" बनाएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :** १) यस ऐनको नाम "*वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२*" रहेको छ ।

२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "नगरपालिका" भन्नाले नारायण नगरपालिका सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले नारायण नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरूले ढाकिएको विद्यमान अवस्थामा रहेको सामुदायिक वन, धार्मिक वन, शहरी वन, ग्रामीण वन, कृषि वन, वृक्षारोपण, सीमसार क्षेत्र, परम्परागत रूपमा व्यवस्थापन गरिएको वन र निजी वन समेतलाई सम्झनु पर्छ ।

(घ) "वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२" भन्नाले यस नारायण नगरपालिकाको बाह्रौ नगर सभाले पारित गरेको वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२ सम्झनुपर्दछ ।

(ङ) "प्राकृतिक स्रोत साधन" भन्नाले जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि जस्ता प्राकृतिक रूपमा प्राप्त स्रोत साधनलाई सम्झनु पर्छ ।

(च) "वनमाथिको पहुँच" भन्नाले वनको संरक्षण र व्यवस्थापनमा सहभागि हुने र निर्णय लिने, वनबाट प्राप्त हुने वनपैदावारलाई प्राप्त गर्ने, सदुपयोग वा भोग चलन गर्ने, वनक्षेत्रमा निर्वाध रूपमा प्रवेश र आवतजावत गर्ने अधिकारलाई सम्झनु पर्छ ।

(छ) "स्थानीय समुदाय" भन्नाले वनक्षेत्रसँग सीमाना जोडिएको वन क्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित लगायतका स्थानीय समुदायमा बसोवास गर्ने सम्पूर्ण समुदायलाई सम्झनु पर्छ ।

(ज) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, नाङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

(झ) "वन पैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको काठ, दाउरा, गोल, खयरचक्र, खोटो, काठको तेल, बोक्रा, लाहा, पिप्ला, पिपली, वा रुख, पात, फल, फूल, मौवा, चिराइतो, च्याउ र सबै प्रकारका जङ्गली जडीबुटी, वनस्पति तथा तीनका विभिन्न भाग वा अङ्ग, चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा, वा पशुपंक्षी, वन्यजन्तु र पशुपंक्षी वा वन्यजन्तुको आखेटोपहार सम्झनु पर्छ ।

(ञ) "सामुदायिक वन" भन्नाले समुदायद्वारा व्यवस्थापन गरेको वनलगायत कबुलियती वन, धार्मिक वन, परम्परागत विधिबाट संरक्षण र व्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वन समेतलाई सम्झनु पर्छ ।

(ट) "निजी वन" भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गर्दै आएको वनलाई सम्झनु पर्छ ।

(ठ) "परम्परागत उपभोक्ता" भन्नाले जीवनयापनको लागि परापूर्वकालदेखि स्थानीय रीतिरिवाज, संस्कृति, मौलिक परम्परा अनुसार आफ्नै मौलिक विधि र प्रक्रियाबाट निश्चित वनक्षेत्र उपभोग गर्दै आएका समुदायलाई सम्झनु पर्छ ।

(ड) "सामुदायिक वन उपभोक्ता समूह" भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलन र प्रयोगको लागि नगरपालिका र नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृति प्राप्त सम्बन्धित वन क्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित, लगायतका स्थानीय

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

समुदायमा बसोवास गर्ने सम्पूर्ण वर्ग, लिङ्ग, जाति र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुने गरी गठन हुने उपभोक्ता समूहलाई सम्झनु पर्छ ।

(ढ) "सामुदायिक वन उपभोक्ता समिति" भन्नाले सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाले चयन गरेको कार्य समितिलाई जनाउने छ ।

(ण) "वनश्रोत" भन्नाले कुनैपनि व्यवहारिक, व्यावसायिक, सामाजिक, धार्मिक, मनोरञ्जन, शैक्षिक, निर्वाहमुखी, वा सामुदायिक वनमा रहेको वनस्पति, जीव, र अन्य सुक्ष्म जीवहरू लगायत माथि तोकिएको वन क्षेत्रमा रहेको अन्य सम्भावित मानवीय प्रयोगमा आउने वनश्रोत समेतलाई जनाउने छ ।

(त) "उद्योग" भन्नाले लघु, घरेलु, साना, मझौला र ठूला उद्योग सम्झनु पर्छ ।

(थ) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप र यिनीहरूका बीचको अन्तरसम्बन्ध सम्झनु पर्छ ।

(द) "प्राकृतिक स्रोत" भन्नाले जल, जमिन, वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, खानी तथा खनिज, ढुङ्गा, गिटी, बालुवा लगायतका स्रोत सम्झनु पर्छ ।

(ध) "प्रदूषण" भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले परिवर्तन गरी वातावरणमा उल्लेख्य ह्रास पुऱ्याउने वा जनस्वास्थ्यमा हानि पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ ।

(न) "वातावरणीय अध्ययन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) सम्झनु पर्छ ।

(प) "कार्यपालिका" भन्नाले नारायण नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(फ) "सम्बन्धित अधिकारी" भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम कर्तव्य निर्वाह गर्ने अख्तियार प्राप्त अधिकारी सम्झनु पर्दछ ।

(ब) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद २
## सामुदायिक वनको स्वामित्व, अधिकार र दायित्व

**३. सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्ने :** (१) परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आइरहेको राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम नेपाल सरकार र नारायण नगरपालिकाको सहमतिमा सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्ने र त्यस्तो वनको दिगो वन व्यवस्थापन गर्ने अधिकार स्थानीय समुदायलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको वन क्षेत्र स्थानीय समुदायको पूर्व सुसूचित मञ्जुरी बिना सामुदायिक वन वा अन्य कुनै प्रयोजनको लागि नगरपालिकाले अन्य व्यक्ति, कम्पनी वा समुदायलाई दिन पाइने छैन ।

(३) तर उपदफा (१) बमोजिमको वन क्षेत्रमा सार्वजनिक हितको लागि स्थानीय समुदायको हितमा असर नपर्ने गरी नगरपालिकाले प्रयोगमा ल्याउन उपदफा (२) को व्यवस्थाले कुनै बाधा पुगेको मानिने छैन ।

**४. सामुदायिक वनमा स्थानीय समुदायको व्यवस्थापन जिम्मेवारी :** (१) सामुदायिक वनमा स्थानीय समुदायले देहाय बमोजिमका वन सम्बन्धी कार्यहरू गर्नेछन् :

(क) स्थानीय समुदाय एक आपसमा भेला भई आफ्नो क्षेत्रको वनको दिगो व्यवस्थापन, जैविक विविधताको संरक्षण, संवर्द्धन, प्रवर्द्धन, वनपैदावरको विकास र उपयोग गर्नका लागि सामुदायिक वन व्यवस्थापन समूह गठन गर्ने,

(ख) सामुदायिक वन क्षेत्रमा रहेको प्राकृतिक स्रोत साधनको विकास, संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोगको कार्ययोजना निर्माण गर्ने,

(ग) वन क्षेत्रमा रहेको खानेपानी तथा सिँचाईको मुहान लगायत प्राकृतिक स्रोत साधन र वन पैदावारहरू प्राप्त गर्ने, समुदायले नियम बनाई तोकेकोमा बाहेक विना अवरोध वन क्षेत्रमा आवत जावत गर्ने, वन क्षेत्रमा व्यवस्थित चरिचरण गर्ने,

(घ) सामुदायिक वनबाट दाउरा, घाँस, सोत्तर, काठ जस्ता समुदायको दैनिक आधारभूत आवश्यकता पूरा गर्ने र बढी भएका वनपैदावारको नगरपालिकाको अनुमति लिई मूल्य निर्धारण गरी बिक्री वितरण गर्ने,

(ङ) सामुदायिक वनक्षेत्र भित्रको खोला, पानीको मुहान, कार्बन संचितीकरण तथा भण्डारण लगायत वातावरणीय सेवा बापतको लाभ प्राप्त गर्ने,

(च) वनश्रोतको उपयोगबाट स्थानीय समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक आवश्यकताको पूर्ति गर्ने, गरिबी निवारणमा टेवा पुर्‍याउने र सामुदायिक विकास गर्ने,

(छ) वनक्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, व्यवस्थापन, सदुपयोग गर्ने,

(ज) सामुदायिक वनलाई निरन्तर रूपमा सामुदायिक वनकै रूपमा संरक्षण, व्यवस्थापन र निरन्तरता दिन पाउने,

(झ) सामुदायिक वनको व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता समिति र आवश्यकता अनुसारको उपसमितिहरू गठन गर्ने र त्यस्तो समिति उपसमितिको काम कर्तव्य र अधिकारहरू तोक्ने,

(ञ) सामुदायिक वन व्यवस्थापनको लागि आवश्यक कार्ययोजना बनाई पालिकामा पेश गर्ने,

(ट) वन संरक्षण, विकास र व्यवस्थापनका लागि नगरपालिका, प्रादेशिक सरकार र संघीय सरकारबाट आवश्यक सहयोग र बजेट प्राप्त गर्ने तथा सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,

(ठ) वनसँग सम्बन्धित परम्परागत पेशा, अभ्यास, अनुभव, ज्ञान, सीप, दक्षताहरूको पहिचान गरी संरक्षण, आधुनिकीकरण, औद्योगिकीकरण र बजारीकरणका लागि चाहिने वन पैदावरजन्य कच्चा पदार्थहरू स्वतन्त्रतापूर्वक प्राप्त गर्ने र उत्पादित वस्तुलाई उपभोग गर्ने र बजारमा बिक्री वितरण गरी लाभ प्राप्त गर्ने,

(ड) वनलाई समय सापेक्ष रूपमा स्थानीय समुदायको जीविकोपार्जनमा टेवा पुर्याउने पर्यावरण, कृषि वन, पशुपालन, वन्यजन्तु पालन, जडीबुटी, उद्यम, चिडियाखाना जस्ता वन उद्यम सम्बन्धी क्रियाकलापहरू सञ्चालन गरी लाभ प्राप्त गर्ने,

(ढ) वनको दिगो व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्दै सामुदायिक वन क्षेत्रमा काठ र गैर काठजन्य वन पैदावारको उत्पादन गर्ने, वन पैदावारको अधिकतम उपयोगबाट साना, मझौला तथा ठूला खाले उद्यम समुदाय आफैले वा तेस्रो पक्षसँग सम्झौता गरी संचालन गर्न सक्नेछ र त्यस्तो उद्यमले वनको दिगो संरक्षण र व्यवस्थापनको साथै स्थानीय समुदायको आर्थिक उन्नतिमा टेवा पुर्याउने,

(ण) वनको हैसियतमा नकारात्मक असर नपुग्ने गरी वनश्रोतको पूर्णरूपमा व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने एवं वन उद्यम विकास गर्ने र त्यस्तो निर्णय लिने,

(त) वनको भौगोलिक बनावट, भिरालोपन र माटोको किसिम अनुसार वन कार्ययोजनामा तोकिए बमोजिम वन संवर्द्धन (गोडमेल, हाँगा काँटछाँट, झाडी सफाइ, पल्याउने र रुख कटान आदि) पद्धति अपनाई वन विकास र संरक्षण गर्ने,

(थ) सामुदायिक वनको दिगो व्यवस्थापनबाट उपलब्ध हुने जलाधार एवं जैविक विविधता संरक्षण, भूदृश्य-सौन्दर्य तथा कार्बन-संचिति जस्ता वातावरणीय

सेवाहरूको सम्भावनाको खोजी गरी वातावरणीय सेवा सुविधाको उपयोग गरेर आय-आर्जनको अवधारणालाई अगाडि बढाउने,

(द) कार्बन संचिती, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली, पर्यापर्यटन जस्ता वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने वातावरणीय सेवाबाट लाभ प्राप्त गर्ने ।

५. **सामुदायिक वन उपभोक्ता समूहको सदस्यका काम, कर्तव्य र जिम्मेवारी :** (१) सामुदायिक वन उपभोक्ता समूहको सदस्यका काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ;

(क) सामुदायिक वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागि हुने,

(ख) वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन र वनपैदावारहरू तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) सामुदायिक वन उपभोक्ता समूहमा सहभागी हुने र नेतृत्व लिने एवं निर्णय प्रक्रियामा भाग लिने,

(घ) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने,

(ङ) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने,

(२) सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा नियमित रूपमा सहभागी हुन नसक्ने टाढाका उपभोक्ताहरूलाई उनीहरूले वन संरक्षणमा पुर्याउने योगदान र वनश्रोतको उपयोगको आधारमा वर्गीकरण गरी सामुदायिक वनबाट देहाय बमोजिमका अधिकारहरू प्राप्त हुनेछन् :

(क) सामुदायिक वनबाट वनपैदावार सहुलियत दरमा प्राप्त गर्ने,

(ख) सामुदायिक वनबाट प्राप्त लाभ तोकिए बमोजिम प्राप्त गर्ने ।

(ग) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको उपभोग गर्न पाउने,

६. **वनमा आधारित उद्यम विकास :** (१) सामुदायिक वनश्रोतको प्रयोग गरी वन पैदावारमा आधारित उद्योगहरू सामुदायिक वन उपभोक्ता समूह आफैले वा नगरपालिका, प्रदेश सरकार र संघीय सरकार वा निजी क्षेत्रसँग सम्झौता गरी वा तेस्रो पक्षसँग सम्झौता गरी व्यावसायिक रूपमा संचालन गर्न सक्नेछ ।

(क) सामुदायिक वन समूहहरू, नगरपालिका र तेस्रो पक्ष समेतको लगानीमा काठ चिरान मिल स्थापना गर्न सक्ने ।

(ख) नगरपालिकाको स्वीकृतिमा साना फर्निचर उद्योग स्थापना गर्न सक्ने ।
(ग) गैर काष्ठ उद्योग तथा काष्ठ कलाका उद्यमहरू संचालन गर्न सक्ने ।

(घ) रोजगारमूलक वनपैदावार उद्योग संचालन गर्न सक्ने ।

प्रमुख प्रशासकीय अधिकृत

(ङ) सामुदायिक वन समूहहरू र नगरपालिकाको स्वलगानी र स्वामित्वमा संचालन हुने काठ चिरान मिल स्थापना गर्दा सामुदायिक वन क्षेत्र बाहिर निजी जग्गामा संचालन गर्दा अन्य कुनै मापदण्ड लाग्ने छैन ।

(२) उपदफा (१) बमोजिमको वनमा आधारित उद्योगले सामुदायिक वा निजी वन क्षेत्रको काठजन्य, पानीजन्य वा गैरकाष्ठजन्य, जडीबुटीजन्य, चिडियाखाना, वन्यजन्तुको पालन, लगायत अन्य वनपैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरू व्यावसायिक रूपमा गर्ने र त्यस्तो उत्पादन बिक्री वितरण गर्न सक्नेछन् ।

७. **सामुदायिक वनमा उपभोक्ता समूहको उत्तरदायित्व :** (१) यस ऐन, नियमावली र पालिकाबाट जारी गरेको निर्देशिकाको अधीनमा रही सामुदायिक वन श्रोतको वातावरणीय रूपमा दिगो व्यवस्थापन गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(२) यस ऐन, नियमावली/कार्यविधि र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधीनमा रही सामुदायिक वन व्यवस्थापन कार्ययोजना बनाउने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(३) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्णरूपमा सहभागिता गराउने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(४) सामुदायिक वन श्रोतको पारदर्शी, उत्तरदायी ढङ्गले व्यवस्थापन गर्न सुनिश्चित गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(५) सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुरूप सामुदायिक वन श्रोतको प्रभावकारी रूपमा व्यवस्थापन भए नभएको सन्दर्भमा नगरपालिकामा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(६) समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वन श्रोतको आय र अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समूहको साधारण सभा र साधारण सभाले कार्य समितिलाई तोकेबमोजिम समुदायको विकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(७) दिगो वन व्यवस्थापन गरी वन पैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरण, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाई सामुदायिक वन संरक्षण गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(८) सामुदायिक वन क्षेत्रको झाडी सफाई र खाली ठाउँमा वृक्षारोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, उपयुक्त वन संवर्द्धन प्रणाली (एक्लाउने, बाक्लो वन पल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने जस्ता कार्य गरी वनको हैसियतमा सुधार्दै लैजाने जस्ता वन सम्बर्धन गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

८. **सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाँड सम्बन्धी व्यवस्था :** (१) सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा बिक्री वितरणबाट प्राप्त लाभको बाँडफाँड देहाय बमोजिम गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

(क) सामुदायिक वनको वन पैदावार बिक्री वितरण तथा वन श्रोतबाट प्राप्त रकम सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाले तोकेबमोजिम बाँडफाँड गर्नेछ ।

(ख) यसरी वितरण गर्दा ऐनको दफा १७ (ग) बमोजिम वन पैदावार बिक्री वितरणबाट प्राप्त आयको १० प्रतिशत रकम नगरपालिकाको संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

९. **सामुदायिक वनको व्यवस्थापनमा नगरपालिकाको दायित्व :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका वन जङ्गलको संरक्षण र उपयोगको लागि वन क्षेत्रको नक्साङ्कन गरी आवश्यकता अनुसार सामुदायिक वन समूह मार्फत वन क्षेत्रको संरक्षण कार्य अगाडि बढाउने ।

(२) दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरूको वार्षिक कार्ययोजना स्वीकृत गरी वनको वैज्ञानिक उपयोगको नीति लिने ।

(३) देहायको कार्य गरेमा सामुदायिक वन उपभोक्ता समूहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न नगराउन नगरपालिकाले आवश्यक निर्देशन दिने र आवश्यक कारवाही गर्न सक्नेछ ।

(क) सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा,

(ख) सामुदायिक वन उपभोक्ता समूहले वन व्यवस्थापन कार्य योजना बमोजिम कार्य संचालन गर्न नसकेमा,

(ग) सामुदायिक वनको वास्तविक हैसियत खस्कने वा वन संरक्षणमा उल्लेख्य प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,

(घ) वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२ अनुसार कार्य नगरेमा,

(४) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउने लगायतका आवश्यक कारवाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ ।

(५) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा कुनै व्यक्तिले समुदायको हितको नाममा सामुदायिक वन उपभोक्ता समूहको विधान, कार्ययोजना र समुदायको हित विपरित कुनै काम कारबाही गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समूहको विधान, कार्ययोजना र नीति नियम अनुसार कारवाही गर्नेछ ।

१०. **सहभागिता र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :** (१) जल, जङ्गल र जमिन लगायतका प्राकृतिक स्रोत र साधनसँग सम्बन्धित स्थानीय समुदाय, आदिवासी, जनजाति, महिला, दलित यस ऐन बमोजिमको अधिकार वा वन सम्बन्धी उनीहरूको परम्परागत ज्ञान, सीप र जीवनशैलीमा प्रभावित पार्ने स्थानीय रूपमा स्थानीय नीति नियम, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायलाई सहभागि गराइने छ ।

प्रमुख प्रशासकीय अधिकृत

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश नेपाल

(२) समुदायमा आधारित वनको नगरपालिकाको उपभोक्ता समितिहरूमा महिला, आदिवासी जनजाति, दलित, अल्पसङ्ख्यक, मधेशी, सीमान्तकृत समुदायको समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ । यसरी प्रतिनिधित्व गराउँदा निर्णायक तह (पदाधिकारी) लगायतमा कम्तिमा ५० प्रतिशत महिलाको प्रतिनिधित्वको सुनिश्चित गराइनेछ ।

(३) उपदफा (२) बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता तुल्याउँदा समेत समुदायको गरिब, विपन्न, दलित वा अल्पसङ्ख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई विशेष संरक्षण सहितको प्रतिनिधित्वको व्यवस्था गर्न सक्नेछ ।

११. **राष्ट्रिय वनमा प्राप्त हुने सामुदायिक अधिकार :** (१) राष्ट्रिय वन र सिमसार क्षेत्र लगायत नेपाल सरकार र प्रदेश सरकारको संरक्षण र व्यवस्थापनमा रहेका राष्ट्रिय वनमा त्यस्तो वन क्षेत्रसँग सिमाना जोडिएको वा त्यस्तो वन क्षेत्रको आसपासमा बसोवास गर्ने समुदायले देहायको अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न पाउने छन् ।

(क) परम्परागत रूपमा सार्वजनिक बाटोको रूपमा उपभोग गर्दै आइरहेको राष्ट्रिय वनक्षेत्र भित्र पर्ने बाटोमा आवत जावत गर्ने, पानीको मुहानहरूको निर्वाध रूपमा निरन्तर उपभोग गर्ने,

(ख) परम्परागत रूपमा चरिचरण गर्दै आइरहेको क्षेत्रमा वनको हैसियत नबिग्रने गरी चरिचरणको रूपमा उपभोग गर्ने,

(ग) राष्ट्रिय वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक स्थल र सम्पदाहरूमा निर्वाध रूपमा आवतजावत गर्ने, त्यस्तो स्थलको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(घ) राष्ट्रिय वन क्षेत्रभित्रका वन्यजन्तुले मानवीय, घरपालुवा जनावर र स्थानीय समुदायको वालिनालीमा क्षति पुर्याएमा त्यस्तो क्षतिको मूल्यांकनका आधारमाराहत स्वरूप क्षतिपूर्ति नगरपालिकाबाट प्राप्त गर्ने, साथै वनमा लागेको आगलागी नियन्त्रण गर्दा वा वन व्यवस्थापन गर्दा दुर्घटना भएमा सम्बन्धित समूह र सरकारले उचित राहतको व्यवस्था गरिने छ ।

(ङ) राष्ट्रिय वनमा कार्बनको संचितीकरण र भण्डारण गरेबापतको लाभ प्राप्त गर्ने र त्यस्तो लाभ सामुदायिक हितमा प्रयोग गर्ने,

(च) सिमसार क्षेत्र र राष्ट्रिय वनको व्यवस्थापनमा प्रत्यक्ष रूपमा सहभागी हुने,

## परिच्छेद- ३
## सामुदायिक वन तथा अन्य वन दर्ता तथा हस्तान्तरण

१२. **वन दर्ता तथा हस्तान्तरण:** (१) साविकमा दर्ता तथा हस्तान्तरण भएका सामुदायिक वन उपभोक्ता समूहहरू, कबुलियत वन उपभोक्ता समूहहरू, धार्मिक वनहरू यसै ऐन द्वारा संचालन व्यवस्थापन हुनेछन् ।

प्रमुख प्रशासकीय अधिकृत

(२) दर्ता तथा हस्तान्तरण नभएका वन क्षेत्रलाई सामुदायिक वन उपभोक्ता समूहहरू, कबुलियत वन उपभोक्ता समूहहरू, धार्मिक वन, पारिवारिक निजी वनहरू दर्ता तथा हस्तान्तरण गरी यसै ऐन द्वारा संचालन तथा व्यवस्थापन हुनेछन् ।

## परिच्छेद-४
## सामुदायिक वन सम्बन्धी व्यवस्था

१३. **सामुदायिक वन सुम्पने :** )१) उपभोक्ता समूहले कार्ययोजना बमोजिमको संरक्षण संवर्द्धन उपयोग व्यवस्थापन गर्ने तथा वन पैदावारको मूल्य निर्धारण गर्ने गरी बिक्री वितरण गर्न पाउने गरी नगरपालिकाले राष्ट्रिय वनको कुनै सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरणको प्रमाण पत्र दिनेछ ।

(२) उपदफा १ को प्रयोजनको लागि नगरपालिकाले उपभोक्ता समूह परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ ।

(३) कार्ययोजना संशोधन: (१) उपभोक्ता समूहले वन व्यवस्थापन सम्बन्धी कार्ययोजना आवश्यकता अनुसार समयानुकूल परिमार्जन गर्न सक्ने छ ।

(४) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्य योजनामा गरेको परिमार्जन वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा नगरपालिकाले यस्तो परिमार्जनको जानकारी प्राप्त भएको ३० दिन भित्र सो परिमार्जन लागू नगर्न निर्देशन दिनेछ । सामुदायिक वन उपभोक्ता समूहले आफ्नो कार्ययोजना नगरपालिकालाई जानकारी गराएको ३० दिन भित्र कुनै जानकारी नभएमा समूहले स्वतः कार्यान्वयन गर्न सक्नेछ ।

१४. **उपभोक्ता समूहको दर्ता :** (१) दफा १३ बमोजिम गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ताको विधान सहित नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त पर्न आएमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(३) हाल वन ऐन २०४९ अनुसार दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरू, धार्मिक वनहरू, पारिवारिक तथा नीजि वन १ वर्ष भित्र नगरपालिकामा दर्ता गर्नु पर्नेछ । त्यस्ता समूहलाई नगरपालिकाले प्राविधिक तथा आर्थिक सहयोग गर्नेछ ।

१५. **उपभोक्ता समूह संगठित संस्था रहने :**सामुदायिक वन उपभोक्ता समूहहरू अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछन् ।

(१) समूहको छुट्टै छाप हुनेछ ।

(२) समूहको आफ्नो टाँचा हुनेछ ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमको बन्दोबस्त गर्न पाउनेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह नालिस उजुर गर्न र सो उपर पनि सोही नाम बाट नालिस उजुर गर्न सक्नेछ ।

१६. **प्रतिवेदन दिनुपर्ने :** (१) सामुदायिक वन उपभोक्ता समूहहरू, कबुलियत वन उपभोक्ता समूहहरू, धार्मिक वन प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको वार्षिक तथा प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

१७. **उपभोक्ता समूहको कोष :** (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ । कोषमा देहायका रकम जम्मा हुनेछ :

(क) संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त हुने अनुदान रकम

(ख) कुनै व्यक्ति वन संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्य रकम

(ग) वन पैदावार (जैविक विविधता) को बिक्रीवितरण बाट प्राप्त रकम

(घ) उद्योग तथा पर्यटन संचालनबाट प्राप्त रकम

(ङ) जरिवानाबाट प्राप्त रकम

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम

(२) उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ । कोष संचालन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५
## साझेदारी वन सम्बन्धी व्यवस्था

१७. **साझेदारी वन:** (१) प्रदेश मन्त्रालयले देहायका उद्देश्यका लागि डिभिजनल वन अधिकृतको सिफारिसमा सरकारद्वारा व्यवस्थित वनको कुनै भाग दफा ११ को अधीनमा रही डिभिजन वन कार्यालय, नगरपालिका र वन उपभोक्ताको साझेदारीमा तोकिए बमोजिम साझेदारी वनको रुपमा व्यवस्थापन गर्न सक्नेछ:-

(क) वनको विकास र दिगो व्यवस्थापन गरी अर्थतन्त्रमा टेवा पुर्याउन,

(ख) वनक्षेत्रको नजिकै वा टाढा रहेका परम्परागत उपभोक्तालाई वन संरक्षणको कार्यमा सहभागी गराई त्यस्ता उपभोक्तालाई वन पैदावार आपूर्तिको व्यवस्था गर्न,

(ग) वनक्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्न तथा खाली क्षेत्रको उपयोग गर्न,

(घ) जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र संवर्द्धन गर्न,

(ङ) उपभोक्ताको जीविकोपार्जनमा सुधार ल्याउन ।

(२) साझेदारी वनको व्यवस्थापनको लागि तोकिए बमोजिम नगरपालिका तथा साझेदारी वन उपभोक्ता समूहको परामर्शमा डिभिजनल वन अधिकृतले कार्ययोजना तयार गरी प्रदेश वन निर्देशनालय समक्ष पेश गर्नेछ र प्रदेश वन निर्देशकले त्यस्तो कार्ययोजना स्वीकृत गर्न सक्नेछ ।

भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्ययोजना लागू गर्ने दायित्व डिभिजन वन कार्यालय, नगरपालिका र दफा १८ बमोजिमको साझेदारी वन उपभोक्ता समूहको हुनेछ ।

(४) उपदफा (१) बमोजिमका साझेदारहरुले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नु पर्ने शर्तहरु पालना नगरेमा नगरपालिकाले प्रदेश मन्त्रालयलाई सिफारिस गर्नसक्ने छ ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी साझेदारी वन फिर्ता लिने निर्णय गर्नुअघि त्यस्तो उपभोक्ता समूहलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ ।

१८. **साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्ने:** साझेदारी वनको विकास र संरक्षणको लागि उपभोक्ताको तर्फबाट आवश्यक व्यवस्था गर्न एवं त्यस्तो वनबाट उपभोक्तालाई प्राप्त हुने वन पैदावारको व्यवस्थापन गर्न साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने सम्बन्धित परम्परागत उपभोक्ताहरुले साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

१९. **साझेदारी वनको वन पैदावार उपयोग तथा बिक्री वितरण:** (१) साझेदारी वनबाट उत्पादित काठ, दाउरा र गैह्रकाष्ठ वन पैदावारको बाँडफाँट तोकिए बमोजिम हुनेछ ।

(२) साझेदारी वन उपभोक्ता समूहले साझेदारी वन व्यवस्थापन कार्ययोजनाको कार्यान्वयनबाट सो समूहलाई प्राप्त हुने वन पैदावार आन्तरिक खपतको लागि प्राथमिकता दिई बाँकी रहेको वन पैदावार मात्र समूहबाहिर पठाउने गरी छुट्याउन सक्नेछ ।

(३) साझेदारी वनबाट उपभोक्ता समूहलाई प्राप्त हुने वन पैदावार बिक्री वितरणबाट प्राप्त रकम मध्ये कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित नगरपालिकासँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा खर्च गरिनेछ ।

## परिच्छेद-६
## धार्मिक वन सम्बन्धी व्यवस्था

२०. **धार्मिक वन:** (१) डिभिजनल वन अधिकृतले नगरपालिकासंगको समन्वयमा परापूर्व कालदेखिको धार्मिक स्थल र त्यसको वरिपरिको वनको संरक्षणका लागि प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायलाई उक्त क्षेत्र वरिपरिको राष्ट्रिय वन धार्मिक वनको रुपमा संरक्षणको लागि हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संरक्षणका लागि हस्तान्तरण गरिएको कारणले मात्र त्यस्तो वन त्यस्तो धार्मिक निकाय, समूह वा समुदायको नाममा हक हस्तान्तरण भएको मानिने छैन ।

२१. **धार्मिक वनमा रहेको वन पैदावारको उपयोग:** (१) धार्मिक वनमा रहेका वन पैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले धार्मिक कार्यमा मात्र उपयोग गर्न सक्नेछ ।

तर धार्मिक वनक्षेत्रमा विकास आयोजना निर्माण तथा सञ्चालनको क्रममा प्राप्त भएका वन पैदावार डिभिजन वन कार्यालय र नगरपालिकाको समन्वयमा बिक्री वितरण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम वन पैदावार उपयोग गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रुपमा हानि नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न पाइने छैन ।

२२. **धार्मिक वन फिर्ता लिन सकिने:** (१) दफा २० बमोजिम जिम्मा दिएको धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले दफा २१ विपरीतको कार्य गरेमा वा धार्मिक वनमा गर्नु पर्ने कार्य सञ्चालन गर्न नसकेमा वा यो ऐन वा यस अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नु पर्ने कुराहरु पालना नगरेमा नगरपालिकासंगको समन्वयमा डिभिजनल वन अधिकृतले त्यस्तो धार्मिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

तर धार्मिक वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम निर्णय उपर चित्त नबुझ्ने व्यक्ति, धार्मिक निकाय, समूह वा समुदायले सूचना पाएको मितिले पैंतीस दिनभित्र प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त उजुरीको सम्बन्धमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-७
## निजी तथा सार्वजनिक जग्गामा रहेको वन सम्बन्धी व्यवस्था

२३. **निजी वन दर्ता:** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिस सहित पालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी पालिकाले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम निजी वन दर्ता गरेको जानकारी नगरपालिकाले सम्बन्धित डिभिजन वन कार्यालयलाई गराउनु पर्नेछ ।

(४) यस ऐन बमोजिमका निजी वन राष्ट्रियकरण गरिने छैन ।

२४. **निजी वनको व्यवस्थापन:** (१) निजी वनको धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

(२) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

(३) व्यावसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा पालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यावसायिक प्रयोजनको लागि नगरपालिकाबाट अर्को पालिकामा वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा तोकिएको दस्तुर तिरी नगरपालिका तथा सम्बन्धित डिभिजन वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(५) घरायसी प्रयोजनको लागि नगरपालिकाबाट अर्को पालिकामा वन पैदावार सङ्कलन तथा ओसारपसार गर्नु परेमा तोकिएको दस्तुर तिरी नगरपालिकाबाट र एक जिल्लाबाट अर्को जिल्लामा वन पैदावार सङ्कलन तथा ओसारपसार गर्नु परेमा जिल्लाको डिभिजन वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(६) निजी वनको धनीलाई नेपाल सरकार वा नगरपालिकाले तोकिए बमोजिमको सुविधा उपलब्ध गराउन सक्नेछ ।

(७) कुनै व्यक्ति, संस्था, समूह वा समुदायले तोकिएको मापदण्डको अधीनमा रही कृषि वन, जडीबुटी खेती तथा वन्यजन्तु पालन समेत गर्न सक्नेछ ।

२५. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था:** (१) नगरपालिकाले यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले नगरपालिकालाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरु तोकिए बमोजिमको कार्यविधि पूरा गरी काट्न वा हटाउन सकिनेछ ।

२६. **शहरी वनको विकास र व्यवस्थापन:** (१) पालिकाले आफ्नो क्षेत्रभित्रको शहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघ संस्था वा निजी क्षेत्रसँगको साझेदारीमा शहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने शहरी वनको विकासको लागि आवश्यक पर्ने प्राविधिक सहयोग डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने शहरी वनको वन पैदावार पालिकाले तोकिए बमोजिम प्रयोग गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-८
## वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था

२७. **वातावरणीय अध्ययन गराउनु पर्ने:** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने कुनै पनि विकास निर्माणका आयोजना, उद्योग वा क्रियाकलापले प्रचलित कानुन र कार्यपालिकाले तोकेको मापदण्ड बमोजिम वातावरणीय अध्ययन गराउनु पर्नेछ ।

(२) साना तथा मध्यमस्तरका आयोजनाहरूको संक्षिप्त वातावरणीय अध्ययन वा IEE स्वीकृत गर्ने अधिकार नगरपालिकाको हुनेछ ।

२८. **वातावरणीय परीक्षण (Environmental Audit) गराउनुपर्ने :** (१) वातावरणीय अध्ययन प्रतिवेदन (IEE/EIA) स्वीकृत भई सञ्चालनमा रहेका उद्योग वा आयोजनाले आयोजना सुरु भएको २ वर्षपछि (वा नगरपालिकाले तोकेको समयमा) वातावरणीय परीक्षण गराई सोको प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ।

(२) परीक्षणका क्रममा तोकिएको मापदण्ड पालना नभएको पाइएमा नगरपालिकाले तत्काल सुधार गर्न आदेश दिन वा उद्योग बन्द गराउन सक्नेछ।

२९. **अध्ययन स्वीकृत नभई आयोजना कार्यान्वयन गर्न नहुने:** वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नभई कसैले पनि आयोजनाको भौतिक निर्माण कार्य सुरु गर्न वा उद्योग स्थापना गर्न पाउने छैन ।

३०. **ठूला आयोजना तथा खानी उत्खननको वातावरणीय दायित्व:** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने ठूला पूर्वाधार आयोजना, खानी उत्खनन वा पेट्रोलियम पदार्थ अन्वेषण जस्ता क्रियाकलापले स्थानीय वातावरणमा पुऱ्याएको क्षतिको पुनर्स्थापना (Restoration) गर्ने दायित्व सम्बन्धित आयोजनाको हुनेछ।

(२) आयोजनाको कार्य समाप्त भएपछि उत्खनन गरिएको क्षेत्रमा खाल्डाखुल्डी पुर्ने, वृक्षारोपण गर्ने र प्राकृतिक स्वरूप कायम गर्ने कार्य नगरपालिकाको रोहबरमा आयोजनाले आफ्नै खर्चमा गर्नुपर्नेछ।

(३) आयोजना सञ्चालन गर्दा निस्कने हानिकारक रसायन वा फोहोरलाई सुरक्षित विसर्जन नगरेमा नगरपालिकाले त्यस्तो आयोजनालाई काम रोक्न आदेश दिन र क्षतिपूर्ति भराउन सक्नेछ।

## परिच्छेद-९
## प्रदूषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन

३१. **प्रदूषण सिर्जना गर्न नहुने:** (१) कसैले पनि नगरपालिकाले तोकेको मापदण्ड विपरीत ध्वनि, धुलो, धुवाँ, ढल वा हानिकारक फोहोर निष्कासन गरी वातावरणमा प्रतिकूल प्रभाव पार्न पाउने छैन ।

(२) लोहारे खोला लगायतका स्थानीय नदी र खानेपानीका स्रोतहरूमा ढल मिसाउन वा फोहोर फाल्न पूर्ण रूपमा निषेध गरिनेछ ।

३२. **फोहोरमैला व्यवस्थापन:** (१) प्रत्येक घरधुरी, पसल, उद्योग वा कार्यालयले निस्कने फोहोरलाई स्रोतमा नै कुहिने र नकुहिने गरी वर्गीकरण गरी व्यवस्थापन गर्नु पर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

(२) "प्रदूषकले तिर्नुपर्ने" (Polluter Pays Principle) सिद्धान्तका आधारमा फोहोरमैला व्यवस्थापन शुल्क र जरिवाना निर्धारण गरिनेछ ।

३३. **नीजि तथा संस्थागत भवन निर्माण गर्दा वा भत्काउँदा अनुमति लिनु पर्ने:** (१) कुनै व्यक्ति वा संस्थाले आफ्नो नीजि तथा संस्थागत भवन निर्माण गर्दा नगरपालिकाबाट भवन निर्माण संहिता अनुसार डिजाइन गरी अनिवार्य नक्सा पास गर्नुपर्ने छ ।

(२) उप दफा (१) अनुसार नगरपालिकाले नक्सा पास गर्दा घर निर्माण तथा निर्माण कार्यबाट निस्कने फोहोर ब्यबस्थापनको लागि व्यक्ति वा संस्थाले कार्य सञ्चालनका सर्तहरू (Terms of Reference) सहितमा हस्ताक्षर गरी निर्माण कार्य संचालन गर्नु पर्नेछ ।

३४. **विषादी तथा रासायनिक पदार्थको प्रयोग र नियन्त्रण सम्बन्धी व्यवस्था:** (१) नगरपालिका क्षेत्रभित्र जनस्वास्थ्य, पशुपक्षी, जैविक विविधता र माटोको उर्वराशक्तिमा गम्भीर क्षति पुग्ने गरी जथाभाबी हानिकारक रासायनिक विषादी वा रासायनिक पदार्थको प्रयोग गर्न पाइने छैन ।

(२) नेपाल सरकारले प्रतिबन्ध लगाएका वा दर्ता नगरिएका कुनै पनि प्रकारका रासायनिक विषादीहरूको खरिद, बिक्री, भण्डारण र प्रयोग गर्न पूर्ण रूपमा निषेध गरिनेछ।

(३) व्यावसायिक रूपमा कृषि कार्य गर्ने कृषक वा फर्मले विषादी प्रयोग गर्नुपूर्व अनिवार्य रूपमा प्राविधिक सल्लाह लिनु पर्नेछ र विषादी प्रयोग गरिएको बालीमा तोकिएको "पर्खनु पर्ने अवधि" (Waiting Period) समाप्त नभई बजारमा बिक्री वितरण गर्न पाइने छैन।

(४) नगरपालिकाले रासायनिक विषादीको विकल्पमा एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) पद्धति, जैविक विषादी र प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गर्नेछ।

(५) रासायनिक पदार्थ वा विषादी प्रयोग भएका खाली भाँडा, शिशी वा बट्टाहरूलाई खोला, खोल्सा, खानेपानीका मुहान वा सार्वजनिक स्थलमा फाल्न पाइने छैन। त्यस्ता सामग्रीहरूको सुरक्षित विसर्जन गर्ने जिम्मेवारी सम्बन्धित बिक्रेता वा प्रयोगकर्ताको हुनेछ।

## परिच्छेद-१०
## प्राकृतिक स्रोत, वन तथा जैविक विविधता संरक्षण

३५. **ढुङ्गा, गिटी, बालुवा उत्खनन र उपयोग:** (१) नगरपालिका भित्रका नदी, खोला वा खानीबाट ढुङ्गा, गिटी, बालुवा, स्लेट, उत्खनन गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको सीमाभित्र रही मेसिन वा औजार प्रयोगको अनुमति लिएर मात्र उत्खनन गर्नु पर्नेछ ।

(२) वातावरणीय संवेदनशीलता भएका क्षेत्र, पुल, कल्भर्ट र बस्ती नजिकबाट उत्खनन गर्न निषेध गरिनेछ ।

३६. **वन तथा जलाधार संरक्षण:** (१) नगरपालिकाले सामुदायिक वन, धार्मिक वनको संरक्षण र व्यवस्थापनमा स्थानीय समुदायसँग समन्वय गर्नेछ ।

(२) जलाधार क्षेत्रमा वन विनाश गर्ने वा पानीको स्रोत सुक्ने गरी कुनै पनि मानवीय क्रियाकलाप गर्न पाइने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

३७. **ऐतिहासिक र सांस्कृतिक सम्पदा संरक्षण:** दैलेखको ऐतिहासिक "पञ्चदेवल", "कोटगढी" र अन्य पुरातात्विक सम्पदाहरूको वरिपरिको वातावरण संरक्षण गर्नु नगरपालिकाको दायित्व हुनेछ ।

३८. **जैविक विविधता तथा जडीबुटी संरक्षण:** (१) नगरपालिका क्षेत्रभित्र पाइने रैथाने प्रजातिका वनस्पति, जडीबुटी र वन्यजन्तुको अभिलेख राखी संरक्षण गरिनेछ।

(२) सार्वजनिक वन, सामुदायिक वन वा निजी जग्गामा रहेका दुर्लभ प्रजातिका वनस्पति र वन्यजन्तुको चोरी निकासी वा विनाश गर्न दण्डनीय हुनेछ।

(३) 'दैलेखी जुत्ता' वा अन्य छालाजन्य उद्योग सञ्चालन गर्दा निस्कने फोहोरले स्थानीय जैविक विविधतामा असर पर्न नदिन विशेष प्रविधि अपनाउनुपर्नेछ।

## परिच्छेद-११
## जलवायु परिवर्तन र अनुकूलन

३९. **अनुकूलन योजना (LAPA):** नगरपालिकाले जलवायु परिवर्तनको जोखिममा रहेका समुदाय र क्षेत्रका लागि "स्थानीय अनुकूलन कार्ययोजना" तयार गरी कार्यान्वयन गर्नेछ ।

४०. **नवीकरणीय ऊर्जा र हरियाली प्रवर्धन:** नगरपालिकाले सौर्य ऊर्जा, सुधारिएको चुलो र "एक घर, दुई रुख" जस्ता कार्यक्रमलाई प्रोत्साहन गरी कार्बन उत्सर्जन न्यूनीकरणमा सहयोग गर्नेछ ।

४१. **परम्परागत ज्ञान, सीप र स्रोतको संरक्षण:** (१) नगरपालिकाले स्थानीय समुदायमा पुस्तौंदेखि चल्दै आएको वातावरण संरक्षण सम्बन्धी परम्परागत ज्ञान, सीप (जस्तै: पानीका पँधेरो संरक्षण, रैथाने जडीबुटीको प्रयोग) लाई अभिलेखीकरण र संरक्षण गर्नेछ।

(२) स्थानीय जडीबुटी वा प्राकृतिक स्रोतको व्यावसायिक उपयोग गर्दा स्थानीय समुदायको पूर्व मञ्जुरी र उनीहरूको लाभको हिस्सा सुनिश्चित गरिनेछ।

## परिच्छेद-१२
## भूसंरक्षण तथा जलाधार व्यवस्थापन

४२. **भूसंरक्षण तथा जलाधार व्यवस्थापन:** (१) भिरालो जमिनमा खेती गर्दा वा संरचना निर्माण गर्दा माटोको संरक्षण हुने विधि (जस्तै: गह्रा सुधार, बायो-इन्जिनियरिङ) अपनाउनुपर्नेछ।

(२) नगरपालिकाले अति भिरालो र जोखिमपूर्ण मानिएका क्षेत्रलाई 'संरक्षित जलाधार क्षेत्र' घोषणा गरी त्यहाँ खनजोत वा निर्माण कार्यमा रोक लगाउन सक्नेछ।

(३) सडक निर्माण गर्दा निस्कने माटो (Spoil) लाई तोकिएको स्थान (Dumping Site) मा मात्र व्यवस्थापन गर्नुपर्नेछ, भिरबाट तल खसाल्न पाइने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-१३
## संस्थागत र वित्तीय व्यवस्था

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय दैलेख कर्णाली प्रदेश,नेपाल

**४३. नगर वन तथा वातावरण संरक्षण समिति:** (१) यस ऐनको कार्यान्वयन र अनुगमनका लागि नगर प्रमुखको अध्यक्षतामा एक 'नगर वन तथा वातावरण संरक्षण समिति' गठन गरिनेछ ।

(२) वन तथा वातावरण संरक्षणको अनुगमनका लागि नगरपालिकाले आवश्यक संख्यामा 'वन तथा वातावरण निरीक्षक' नियुक्त गर्न वा तोक्न सक्नेछ ।

**४४. नगर वन तथा वातावरण संरक्षण समितिको काम, कर्तव्य र अधिकार:** (१) दफा ४३ अनुसार तथा ऐनमा व्यवस्था भएका वन, वातावरण र प्राकृतिक स्रोत सम्बन्धी प्रावधानहरूको नियमन, कार्यान्वयन र नियमित अनुगमन गर्नु समितिको मुख्य उद्देश्य हुनेछ ।

(२) उपदफा (१) अनुसारको उद्देश्यका लागि गठन भएको नगर वन तथा वातावरण संरक्षण समितिको काम, कर्तव्य र अधिकारहरू देहाय अनुसार हुनेछ:

(क) **ऐनको कार्यान्वयन:** नगरपालिका क्षेत्रभित्र वन, वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी नीति र ऐनका प्रावधानहरूलाई पूर्ण रूपमा लागू गराउने ।

(ख) **अनुगमन र सुपरिवेक्षण:** नगरपालिकाभित्र संचालन हुने विकास आयोजना, उद्योग वा अन्य क्रियाकलापहरूले वातावरणमा पारेको प्रभाव र ऐनको पालना भए/नभएको अनुगमन गर्ने ।

(ग) **निरीक्षक नियुक्ति:** वन तथा वातावरण संरक्षणको अनुगमनका लागि नगरपालिकाले आवश्यक संख्यामा 'वन तथा वातावरण निरीक्षक' नियुक्ति गर्न वा तोक्न सक्ने अधिकार समितिलाई (नगरपालिका मार्फत) हुनेछ ।

(घ) **योजना तर्जुमा:** जलवायु परिवर्तन अनुकूलन योजना (LAPA) र रणनीतिक वातावरणीय विश्लेषण (SEA) जस्ता योजनाहरू तर्जुमा र कार्यान्वयनमा नेतृत्वदायी भूमिका खेल्ने ।

(ङ) **अधिकार प्रत्यायोजन (दफा ५३):** नगर वन तथा वातावरण संरक्षण समितिको अध्यक्षले आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकारहरू ऐनले तोकेको व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

(च) **कोषको परिचालन (दफा ४४):** 'वन तथा वातावरण संरक्षण कोष' मा जम्मा भएको रकमलाई वन संवर्द्धन, प्रदूषण नियन्त्रण र प्राकृतिक स्रोतको संरक्षणका कार्यमा परिचालन गर्ने र सोको निर्देशन दिने ।

(छ) **पुरस्कार तथा प्रोत्साहन (दफा ४५):** उत्कृष्ट वातावरण संरक्षण गर्ने घर, टोल वा उद्योगलाई पुरस्कृत गर्ने र वातावरणमैत्री प्रविधि प्रयोग गर्नेहरूलाई कर वा शुल्कमा सहुलियत प्रदान गर्न सिफारिस गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

(ञ) **निर्देशन दिने अधिकार:** वातावरणीय मापदण्ड पालना नगर्ने आयोजना वा उद्योगहरूलाई तत्काल सुधार गर्न आदेश दिने वा काम रोक्का गर्न नगरपालिकालाई सिफारिस गर्ने ।

(झ) **सामुदायिक र निजी वनको समन्वय:** सामुदायिक, धार्मिक र निजी वनहरूको दर्ता, हस्तान्तरण र व्यवस्थापनमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(ञ) **प्रदूषण नियन्त्रण:** नगरपालिका क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन र प्रदूषण (ध्वनि, धुलो, धुवाँ) नियन्त्रणका मापदण्डहरू लागू गराउने ।

(ट) **जैविक विविधता संरक्षण:** दुर्लभ वनस्पति र वन्यजन्तुको संरक्षणका लागि विशेष विधिहरू अपनाउन र चोरी निकासी नियन्त्रण गर्न पहल गर्ने ।

४५. **वन तथा वातावरण संरक्षण कोष:** (१) वन तथा वातावरण संरक्षण, प्रदूषण नियन्त्रण र प्राकृतिक स्रोतको संवर्धनका लागि नगरपालिकाले एक 'वन तथा वातावरण संरक्षण कोष' स्थापना गर्नेछ ।

(२) उक्त कोषमा राष्ट्रिय वन, सामुदायिक वन, नीजी वन, वातावरणीय शुल्क, जरिवाना, रोयल्टीको हिस्सा र अनुदान प्राप्त रकम जम्मा हुनेछ ।

४६. **पुरस्कार तथा प्रोत्साहन:** (१) आफ्नो घर, टोल वा कार्यक्षेत्रमा उत्कृष्ट वातावरण संरक्षण गर्ने, फोहोरमैला व्यवस्थापनमा उदाहरणीय कार्य गर्ने वा शून्य फोहोर (Zero Waste) को अवधारणा लागू गर्ने व्यक्ति, समूह, टोल विकास संस्था वा उद्योगलाई नगरपालिकाले वार्षिक रूपमा पुरस्कृत र सम्मानित गर्नेछ ।

(२) वातावरणमैत्री प्रविधि (जस्तै: सौर्य ऊर्जा, बायो-ग्यास, विद्युतीय सवारी) प्रयोग गर्ने व्यवसाय वा उद्योगलाई नगरपालिकाले स्थानीय कर वा शुल्कमा सहुलियत प्रदान गर्न सक्नेछ।

## परिच्छेद-१४
## कसूर, सजाय र पुनरावेदन

४७. **वन अधिकारमा प्रतिकूल प्रभाव पार्न नहुने :** (१) कुनै व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन विपरित हुनेगरी वन उपभोक्ता वा वन उपभोक्ता समूहको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्न हुँदैन । तर, आम सार्वजनिक हितको लागि वन उपभोक्ता समूह वा सम्बन्धित समुदायको स्वतन्त्र, पूर्व सु-सूचित मञ्जुरी (Free Prior Inform Consent) लिई नगरपालिकाको निर्णयले असल मनसायले गरेको कार्यलाई वन अधिकारको प्रतिकूल मानिने छैन ।

४८. **दण्ड सजाय:** देहायको काम कारवाही गर्ने गराउनेलाई कसूरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछ :-

प्रमुख प्रशासकीय अधिकृत

(१) दफा ४ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्न वञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा विगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए बमोजिम जरिवाना हुनेछ ।

(२) दफा ४ को उपदफा (२) बमोजिमको अधिकार प्रयोग गर्न वञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा विगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए बमोजिम जरिवाना हुनेछ ।

(३) दफा ४ को उपदफा (३), (४) र (५) बमोजिमको अधिकार प्रयोग गर्न वञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा विगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए बमोजिम जरिवाना हुनेछ ,

(४) दफा ८ बमोजिम वन उपभोक्ता समूहको अनिवार्य रूपमा स्वतन्त्र, पूर्व सु-सूचित मञ्जुरी लिनु पर्नेमा नलिई कुनै कार्य गरे गराएबाट त्यस्तो वन उपभोक्ता समूहलाई पर्न गएको क्षतिको विचार गरी उचित क्षतिपूर्ति दिनु पर्नेछ र त्यस्तो कार्य गर्ने गराउनेलाई विभागीय सजायको लागि सिफारिस गर्नु पर्नेछ ।

४९. **मुद्दा हेर्ने अधिकारः** (१) यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दा गर्नुपर्ने कारण परेको मितिले ६ महिनाभित्र मर्का पर्ने पक्षले नगरपालिकाको न्यायीक समिति समक्ष मुद्दा दायर गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाको न्यायीक समितिले यस ऐन अन्तर्गत कारवाही गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।

५०. **क्षतिपूर्तिको भराउन सक्ने :** (१) यस ऐनको विपरीत हुने गरी वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरेको कारणबाट कुनै वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारको हनन भएको कारण कुनै पनि किसिमको हानी नोक्सानी हुन गएमा त्यस्तो समुदाय वा व्यक्तिले क्षतिपूर्ति भराई पाऊँ भनी उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानविन गरी वन अधिकार हनन भएको समुदाय वा व्यक्तिलाई हानी नोक्सानी पुग्न गएको देखिएमा हानी नोक्सानीको आधारमा हानी नोक्सानी गर्ने पक्षबाट क्षतिपूर्ति बापतको रकम त्यस्तो समुदाय वा व्यक्तिलाई दिलाउन सक्नेछ ।

५१. **कसूर र जरिवानाः** यस ऐन वा यस अन्तर्गत बनेको नियम उल्लंघन गर्ने व्यक्ति वा संस्थालाई कसूरको प्रकृति हेरी ५,००० (पाँच हजार) देखि १,००,००० (एक लाख) रुपैयाँसम्म जरिवाना गर्न सकिनेछ । वातावरणमा गम्भीर क्षति पुऱ्याएमा क्षतिपूर्ति समेत भराइनेछ ।

५२. **पुनरावेदनः** यस ऐन बमोजिम नगरपालिकाको न्यायीक समितिले गरेको निर्णय चित्त नबुझ्ने पक्षले सो निर्णय थाहा पाएको मितिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

## परिच्छेद-१५
## विविध

५३. **नगरपालिकाबाट अनुमति लिनु पर्ने:-** (१) नगरपालिकाको अनुमति लिई उपभोक्ता समूहले सामुदायिक वनक्षेत्रमा सामुदायिक चिडियाखाना, वन्यजन्तुको व्यावसायिक पालन, समुदायको पहुँच भन्दा टाढा रहेको वन सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन कार्यक्रम जस्ता वनमा आधारित उद्यम वा समुदायमा वन पैदावारजन्य उद्योग संचालन गर्ने, उत्पादन गर्ने, उत्पादित वस्तु वा वनपैदावार निकासी पैठारी गर्ने र सोबाट लाभ प्राप्त गर्न सक्नेछ ।

(२) वनपैदावारजन्य उद्योगबाट उत्पादित वनपैदावारको निकासी पैठारी वन उपभोक्ता समूहले तोकेको व्यक्तिले गर्न सक्नेछ । त्यसरी निकासी पैठारी गर्दा सोको जानकारी अनिवार्य रूपमा नगरपालिकालाई दिनुपर्नेछ ।

(४) सामुदायिक वन समूहको दर्ता प्रमाणपत्रका आधारमा सहकारी मार्फत सःमिलका साथै वन पैदावारमा आधारित अन्य उद्यमहरू संचालन गर्न सक्नेछन् ।

(५) नगरपालिकाले पारिवारिक निजी वन दर्ता, संरक्षण, संवर्द्धन, व्यवस्थापन र निर्यातको जानकारी दिएर काम गर्न सक्नेछ ।

५४. **अधिकार प्रत्यायोजन :** नगर वन तथा वातावरण संरक्षण समितिको अध्यक्षले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार यस ऐन बमोजिम तोकेको व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५५. **असल नियतले गरेको कामको बचाउ :** वन उपभोक्ता समिति, क्षतिपूर्ति समिति वा पालिकाको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रूपले जवाफदेही हुने छैन ।

५६. **वातावरणीय सेवा बापतको भुक्तानी:** (१) प्राकृतिक स्रोतको संरक्षण र संवर्द्धन गरेबापत माथिल्लो तटीय क्षेत्रका समुदायलाई तल्लो तटीय क्षेत्रका लाभग्राहीले तोकिए बमोजिमको सहयोग वा शुल्क उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

(२) यसरी प्राप्त रकम सम्बन्धित क्षेत्रको वातावरण संरक्षणमा मात्र खर्च गर्नुपर्नेछ ।

५७. **रणनीतिक वातावरणीय विश्लेषण:** नगरपालिकाले आवधिक योजना, गुरुयोजना वा ठूला पूर्वाधार विकासका नीति तर्जुमा गर्दा अनिवार्य रूपमा रणनीतिक वातावरणीय विश्लेषण (SEA) गर्नुपर्नेछ।

५८. **प्रयोगशाला स्थापना तथा सञ्चालन:** (१) प्रदूषणको मात्रा मापन गर्न नगरपालिकाले आफ्नै प्रयोगशाला स्थापना गर्न वा मान्यता प्राप्त प्रयोगशालासँग सम्झौता गरी काम गर्न सक्नेछ।

(२) नगर क्षेत्रको वायु र जल प्रदूषणको स्तर (Air and Water Quality Index) समय-समयमा मापन गरी सार्वजनिक गरिनेछ।

५९. **वातावरणीय सूचनाको हक:** (१) नगरबासीलाई आफ्नो क्षेत्रको वातावरणको अवस्था, प्रदूषणको स्तर र स्वीकृत आयोजनाहरूको वातावरणीय प्रभावबारे जानकारी पाउने हक हुनेछ।

प्रशासकीय अधिकृत

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय दैलेख कर्णाली प्रदेश, नेपाल

(२) नगरपालिकाले प्रत्येक वर्ष 'नगर वातावरणीय स्थिति पत्र' (State of Environment Report) सार्वजनिक गर्नेछ।

६०. **वातावरणीय विपद् तथा आपत्कालीन कार्य:** कुनै उद्योग वा मानवीय क्रियाकलापका कारण अचानक ठूलो वातावरणीय क्षति वा विपद् (जस्तै: ग्यास लिक, आगलागी, विषाक्त रसायन चुहावट) भएमा सोको नियन्त्रण र उद्धारका लागि नगरपालिकाले तत्काल आपत्कालीन टोली परिचालन गर्नेछ र लाग्ने खर्च सम्बन्धित प्रस्तावक/उद्योगीबाट असुल उपर गरिनेछ।

६१. **नियम र कार्यविधि बनाउने अधिकार:** यो ऐन कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

६२. **बचाउ र खारेजी:** यो ऐन लागू हुनुअघि वातावरण र प्राकृतिक स्रोतका सम्बन्धमा भएका निर्णयहरू यसै ऐन बमोजिम भएको मानिनेछ ।

## अनुसूचीहरू

### अनुसूची १: उपभोक्ता समूहको दर्ताका लागि दिइने निवेदन

श्री प्रमुखज्यू, ......................... समिति

नारायण नगरपालिका, दैलेख ।

स्थानीय वन ऐन २०८२ मा व्यवस्था भए बमोजिम उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सो को विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता समूहको दर्ता गरी सो को जानकारी पाउन अनुरोध गर्दछौं ।

निवेदक

.............. उपभोक्ता समूहको तर्फबाट

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|

### अनुसूची २: उपभोक्ता समूह दर्ताको प्रमाण पत्र

नारायण नगरपालिका, दैलेख

दर्ता नं.

श्री........... उपभोक्ता समूह

प्रमुख प्रशासकीय अधिकृत

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश नेपाल

यस नगरपालिकाको मिति ........... को निर्णय अनुसार वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

उपभोक्ता समूहको विवरण

उपभोक्ता समूहको क्षेत्रफल, घरधुरी संख्या, कुल जनसंख्या

प्रमाण पत्र दिने अधिकारी

नाम:

दर्जा: दस्तखत:

मिति:

यो प्रमाणपत्र हराएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन १०० रुपैयाँ दस्तुर लाग्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश,नेपाल

## अनुसूची ३:

## सामुदायिक वन दर्ताको लागि दिइने निवेदन

श्री प्रमुखज्यू,

नारायण नगरपालिका, दैलेख ।

वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२ को अधीनमा रही संलग्न वन कार्ययोजना अनुसार सामुदायिक वनको रुपमा संरक्षण सम्वर्द्धन र सदुपयोग गर्न चाहेकोले देहायको वन क्षेत्र यस उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु हुन यो निवेदन पेश गरेका छौं ।

क. प्रस्तावित सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नाम र ठेगाना:
ख. चार किल्ला:
ग. क्षेत्रफल:
घ. जैविक विविधता

निवेदक
.............. सामुदायिक वन उपभोक्ता समूहको तर्फबाट

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|

## अनुसूची ४: सामुदायिक वन दर्ताको प्रमाण पत्र

नारायण नगरपालिका, दैलेख

.................. वन

श्री .................... उपभोक्ता समूह

वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२ को अधीनमा रही देहायको राष्ट्रिय वन क्षेत्र यसै साथ संलग्न कार्ययोजना बमोजिम व्यवस्थापन गरी सदुपयोग र सामुदायिक वनको रुपमा सुम्पिएको छ ।

नाम:
चारकिल्ला:
क्षेत्रफल:

प्रमाणपत्र दिने अधिकारी

नाम थर:

दर्जा:

दस्तखत:

मिति:

प्रमुख प्रशासकीय अधिकृत

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

## अनुसूची ५: वन पैदावारको निकासी पैठारी सिफारिस दस्तुर

### १. काठ, दाउराको मूल्य दर

### (क) गोलिया काठको मूल्य

| क्र.स. | काठको प्रजाति (नेपाली नाम) | काठको प्रजाति (वैज्ञानिक नाम) | स्तर (ग्रेड) | प्रति घनफिट मूल्य रु. |
|---|---|---|---|---|
| १ | जङ्गली सिसौ | *Dalbergia sissoo* | ए | २५०/- |
| | | | बी | १००/- |
| | | | सी | ६०/- |
| | | | डी | ५०/- |
| २ | साल | *Shorea robusta* | ए | २५०/- |
| | | | बी | ९०/- |
| | | | सी | ६०/- |
| | | | डी | ३०/- |
| ३ | चाँप | *Magnolia spp.* | ए | ७०/- |
| | | | बी | ५०/- |
| | | | सी | ३०/- |
| ४ | असना | *Terminalia tomentosa* | ए | ४०/- |
| | | | बी | ३०/- |
| | | | सी | १०/- |
| ५ | कर्मा | *Haldina cordifolia* | ए | ४०/- |
| | | | बी | ३०/- |
| | | | सी | १०/- |
| ६ | जामुन | *Syzygium spp.* | ए | ४०/- |
| | | | बी | ३०/- |
| | | | सी | १०/- |
| ७ | सिसौ (वृक्षारोपण) | *Dalbergia sissoo* | ए | ७०/- |
| | | | बी | ५०/- |
| ८ | खोटे सल्ला | *Pinus roxburghii* | ए | २५/- |
| | | | बी | १५/- |
| ९ | गोब्रे सल्ला | *Pinus wallichiana* | ए | २०/- |
| | | | बी | १०/- |
| १० | टुनी | *Toona ciliata* | ए | ३०/- |
| | | | बी | २०/- |
| ११ | कालो र रातो सिरिस | *Albizia spp.* | ए | ३०/- |
| | | | बी | २०/- |
| १२ | गम्हारी | *Gmelina arborea* | ए | ३०/- |
| | | | बी | २०/- |
| १३ | उत्तिस | *Alnus nepalensis* | ए | २०/- |
| | | | बी | १५/- |
| १४ | पाटे सल्ला | *Pinus patula* | ए | २०/- |
| | | | बी | १०/- |
| १५ | सतिसाल | *Dalbergia latifolia* | — | १६०/- |



प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १६ | विजयसाल | *Pterocarpus marsupium* | — | १००/- |
| १७ | सागवान | *Tectona grandis* | ए | ८०/- |
| | | | बी | ६०/- |
| १८ | ओखर | *Juglans regia* | — | ५०/- |
| १९ | दार | *Debregeasia saeneb* | — | ५०/- |
| २० | सन्दन/पाजन | *Desmodium oojeinense* | — | ३०/- |
| २१ | हर्रो | *Terminalia chebula* | — | २०/- |
| २२ | बर्रो | *Terminalia bellirica* | — | २०/- |
| २३ | फल्दु | *Mitragyna parvifolia* | — | २०/- |
| २४ | कटुस | *Castanopsis indica* | — | २०/- |
| २५ | चिलाउने | *Schima wallichii* | — | २०/- |
| २६ | सौर | *Betula alnoides* | — | २०/- |
| २७ | ठिङ्ग्रे सल्ला | *Tsuga dumosa* | — | २०/- |
| २८ | अन्य सल्ला | *Larix spp.* | — | २०/- |
| २९ | तालीसपत्र | *Abis pindrow & Abis spectabilis* | — | २०/- |
| ३० | देवदार | *Cedrus deodara* | — | २०/- |
| ३१ | स्प्रुस | *Picea spp.* | — | २०/- |
| ३२ | आँप | *Magnifera indica* | — | २०/- |
| ३३ | मसला | *Eucalyptus spp.* | — | १२/- |
| ३४ | सिमल | *Bombax ceiba* | — | १५/- |
| ३५ | सेतो सिरिस | *Albizia spp.* | — | १०/- |
| ३६ | भुरुङकुल | *Hymenodictyon orixense* | — | १०/- |
| ३७ | गुटेल | *Mallotus repandus* | — | १०/- |
| ३८ | पपलर | *Populus spp.* | — | १०/- |
| ३९ | टिकुल | - | — | १०/- |
| ४० | बाँझी | *Anogeissus latifolia* | — | १०/- |
| ४१ | बोटधगेरो | *Lagerstroemia parviflora* | — | १०/- |
| ४२ | खयर (आयतन निकाल्दा लम्बाईलाई पनि अन्तिम इञ्चसम्म नाप्ने) | *Acacia catechu* | — | १००/- (३३/- प्रति किलोग्राम) |
| ४३ | श्वेत चन्दन (श्रीखण्ड) | *Santalum album* | — | ३००/- (१०/- प्रति किलोग्राम) |
| ४४ | अन्य जात (माथि उल्लेख भए देखि बाहेक) | — | — | १०/- |

**(ख) जरा ठुटाको मूल्य**

| क्र.स. | नेपाली नाम | वैज्ञानिक नाम | मूल्य रु. |
|---|---|---|---|
| १ | खयर | *Acacia catechu* | २०/- प्रति किलोग्राम |
| २ | साल | *Shorea robusta* | ५०/- प्रति ठुटा |
| ३ | अन्य | - | १०/- प्रति ठुटा |

प्रमुख प्रशासकीय अधिकृत

### (ग) बल्लाबल्लीको मूल्य

| क्र.स. | नेपाली नाम | वैज्ञानिक नाम | प्रति घनफिट मूल्य रु. |
|---|---|---|---|
| १ | सागवान (टिक) | *Tectona grandis* | ७०/- |
| २ | साल | *Shorea robusta* | ५०/- |
| ३ | चाँप | *Magnolia spp.* | ५०/- |
| ४ | सिसौ | *Dalbergia sissoo* | २०/- |
| ५ | खोटे सल्ला | *Pinus roxburghii* | १२/- |
| ६ | असना | *Terminalia tomentosa* | १५/- |
| ७ | कर्मा | *Haldina cordifolia* | १५/- |
| ८ | जामुन | *Syzygium spp.* | १५/- |
| ९ | कालो र रातो सिरिस | *Albizia spp.* | १०/- |
| १० | टुनी | *Toona ciliate* | १०/- |
| ११ | गोब्रे सल्ला | *Pinus wallichiana* | १०/- |
| १२ | गम्हारी | *Gmelina arborea* | १०/- |
| १३ | उत्तिस | *Alnus nepalensis* | १०/- |
| १४ | पाटे सल्ला | *Pinus patula* | १०/- |
| १५ | मसला | *Eucalyptus spp.* | ६/- |
| **१६** | **अन्य जात (माथि उल्लेख भए देखि बाहेक)** | **प्रति घनफिटको लागि खण्ड (क) मा उल्लिखित गोलिया काठको मूल्यको पचास प्रतिशतले हुन आउने मूल्य** | |

### (घ) दाउराको मूल्य

| क्र.स. | प्रयोजन | प्रजाति (नेपाली नाम) | प्रजाति (वैज्ञानिक नाम) | मूल्य रु. |
|---|---|---|---|---|
| १ | व्यापारिक | (क) साल | *Shorea robusta* | २,०००/- प्रति चट्टा |
| | | | | १।५० प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |
| | | (ख) सिसौ र टिक | *Dalbergia sissoo/Tectona grandis* | १,०००/- प्रति चट्टा |
| | | | | १।५० प्रति किलोग्राम (चिरुवा र |

| | | | | |
|---|---|---|---|---|
| | | | | लप्सटप्स समेत) |
| | | (ग) साल र अन्य प्रजाति मिश्रित | — | २,०००/- प्रति चट्टा |
| | | | | १।०० प्रति किलोग्राम |
| | | (घ) अन्य | - | १,०००/- प्रति चट्टा |
| | | | | ०।५० प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |
| २ | शव दाह संस्कार | (क) साल | *Shorea robusta* | १,०००/- प्रति चट्टा |
| | | | | ०।२५ प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |
| | | (ख) अन्य | - | ५००/- प्रति चट्टा |
| | | | | ०।१५ प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |
| ३ | घरकाज | (क) साल | *Shorea robusta* | १,०००/- प्रति चट्टा |
| | | | | ०।७५ प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |
| | | (ख) अन्य | - | ५००/- प्रति चट्टा |
| | | | | ०।५० प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |

**अनुसूची ६: जडीबुटीको नाम र निकासी पैठारी सिफारिस दस्तुर**

**जडीबुटीको नाम र मूल्य दर**

| **क्र.स.** | **नेपाली नाम** | **वैज्ञानिक नाम** | **मूल्य दर प्रति किलोग्राम (रु.)** |
|---|---|---|---|
| **(क)** | **जरा तथा गानो जाति** | | |
| १ | अतिस | *Aconitum heterophylloides / Acotinum heterophyllum / Delphinium himalayai* | ३/- |
| २ | अनन्तमूल | *Hemidesmus indicus* | २/- |
| ३ | अश्वगन्धा | *Withania somnifera* | ४/- |

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ४ | असारेफूल/धोविनी | *Mussaenda spp.* | १/- |
| ५ | आरडिक्स | *Rdix tinosporae* | २/- |
| ६ | इन्द्रेणी | *Citrullus colocynthis / Trichosanthes wallichiana* | २/- |
| ७ | उन्यू | *Dryopteris cochleata, Huperzia javanica* | २/- |
| ८ | ऐँसेलु | *Rubus ellipticus* | ३/- |
| ९ | कचूर | *Curcuma aromatica* | १/- |
| १० | कपुरकचरी | *Hedychium spicatum* | १/- |
| ११ | काकोली/वन लसुन | *Fritillaria cirrhosa* | १/- |
| १२ | कामराज, मयुरखुट्टे | *Helminthostachys zeylanica* | १/- |
| १३ | कालो निगुरो | *Dryoathyrium boryanum* | १/- |
| १४ | कुकुरडाइनो | *Smilax spp.* | २/- |
| १५ | कुकुरतरुल, वनतरुल, भ्याकुर | *Dioscorea spp.* | ३/- |
| १६ | कुचिला | *Strychnos nux-vomica* | १/- |
| १७ | कुट्की | *Neopicrorhiza scrophulariiflora* | ८/- |
| १८ | कुथ | *Saussurea costus* | १/- |
| १९ | कुरिलो/सतावरी | *Asparagus spp.* | १०/- |
| २० | क्रेमास्तरा | *Cremastra appendiculata* | २/- |
| **(ख)** | **जरा जाती नाम** | | |
| २१ | खसखस/उशीर/भेटिभेर | *Chrysopogon zizanioides, Vetiveria zizanioides* | २/- |
| २२ | खिरौले (मेदा)/खिरौला/सेतकचिनी | *Polygonatum spp.* | ४/- |
| २३ | गन्धाईनो | *Angelica glauca* | १/- |
| २४ | गन् नार्नो | *Pleurospermum spp.* | १/- |
| २५ | गुर्जो गानो/निमी लहरा | *Stephania spp.* | १/- |
| २६ | गुर्जो/गुडुची/गुड्की | *Tinospora sinensis* | १/- |
| २७ | गोकुलधुप | *Commiphora mukul* | १/- |
| २८ | गोलकाँक्री | *Solena amplexicaulis* | १/- |

| | | | |
|---|---|---|---|
| २९ | चुत्रो/दारुहल्दी | *Berberis spp.* | २/- |
| ३० | जटामसी | *Nardostachys jatamansi* | १५/- |
| ३१ | जमानेमान्द्रो | *Mahonia napaulensis* | १/- |
| ३२ | जेठीमधु (येष्ठीमधु) | *Glycyrrhiza glabra* | २/- |
| ३३ | जोरपाते बेली गानो | *Psammosilene tunicoides* | २/- |
| ३४ | झुलो | *Gerbera macrophyla* | १/- |
| ३५ | टुकीफूल | *Taraxacum spp.* | १/- |
| ३६ | ठूलो/बुढो ओखती | *Astilbe rivularis* | १/- |
| ३७ | डाइसोमा | *Dysosma versipellis* | २/- |
| ३८ | नक्कली सतुवा | *Trillidium govanianum* | ८/- |
| ३९ | नागरमोथे, मोथे | *Cyperus spp.* | १/- |
| ४० | नारु | *Silene spp.* | १/- |
| ४१ | निरमसी/निरबिषी | *Delphinium denudatum / Aconitum palmatum* | १०/- |
| ४२ | पदमचाल/अमलवेद | *Rheum austral, Rheum emodi* | २/- |
| ४३ | पदमपुष्कर/निनाइजडी | *Iris decora* | १/- |
| ४४ | पाखनवेद/पाषाणभेद | *Bergenia pacumbis/Bergenia ciliate* | १/- |
| ४५ | पाँच औंले | *Dactylorhiza hatagirea* | १००/- (प्रति गोटा) |
| ४६ | पिपला/पिपली | *Piper longum* | २/- |
| ४७ | बज्रदन्ती | *Potentilla spp.* | १/- |
| ४८ | बायजडी | *Hippolytia dolichophylla* | १/- |
| ४९ | बोझो | *Acorus calamus* | १/- |
| ५० | भूतकेश | *Selinum wallichianum* | १/- |
| ५१ | ममिरा | *Parnassia nubicola* | १२/- |
| ५२ | मुसली (कालो) | *Curculigo orchioides* | २/- |
| ५३ | मुसली (सेतो) | *Chlorophytum spp.* | २/- |
| ५४ | रास्गरी/भूड्सरो | *Roscoea spp.* | १/- |
| ५५ | लघुपत्र | *Podophyllum hexandrum* | १/- |

| | | | |
|---|---|---|---|
| ५६ | वन प्याज | *Allium spp.* | ३/- |
| ५७ | वन हलेदो | *Curcuma angustifolia* | १/- |
| ५८ | वनमुला | *Dipsacus inermis* | ३/- |
| ५९ | वनलसुन | *Allium wallichii* | ६/- |
| ६० | वनलसुन/खिरौंले | *Lilium nepalense* | ६/- |
| ६१ | बाँको/सर्पको मकै | *Arisaema spp.* | १/- |
| ६२ | बाटुल्पाते | *Cissampelos pareira* | १/- |
| ६३ | विदारीकन्द | *Pueraria phaseoloides* | १/- |
| ६४ | विलौने | *Maesa chisia* | १/- |
| ६५ | विष, विषमा | *Aconitum spp.* | २/- |
| ६६ | विषफेज | *Polypodiodes amoena* | २/- |
| ६७ | वेत लौरी | *Cheilocostus speciosus* | १/- |
| ६८ | शटी/गार्सेरो | *Hedychium spicatum* | १/- |
| ६९ | सतुवा | *Paris polyphylla* | १०/- |
| ७० | सर्पगन्धा/चाँदवरुवा | *Rauvolfia serpentina* | १०/- |
| ७१ | सातगाँठे | *Panax pseudoginseng* | १०/- |
| ७२ | सिस्नु | *Urtica spp.* | १/- |
| ७३ | सुगन्धवाल | *Valeriana jatamansi* | ४/- |
| ७४ | सुनगाँठे गानो | *Gastrodia elata* | २/- |
| **(ग)** | **बोक्रा जाति** | | |
| १ | अंगेरी | *Lyonia ovalifolia* | १/- |
| २ | अर्जुन | *Terminalia arjuna* | २/- |
| ३ | अशोक | *Saraca asoca* | १/- |
| ४ | ओखर | *Juglans regia* | २०/- |
| ५ | काफल | *Myrica esculenta* | २०/- |
| ६ | कुटमिरो/काल्चुरी | *Litsea monopetala* | १/- |
| ७ | कोइरालो/कचनार | *Bauhinia variegata* | १/- |

| | | | |
|---|---|---|---|
| ८ | खमारी | *Gmelina arborea* | ३/- |
| ९ | गिन् नेरी | *Premna barbata* | ३/- |
| १० | चुत्रो/दारुहल्दी | *Berberis spp.* | २/- |
| ११ | छतिवन | *Alstonia scholaris/A.neriifolia* | २/- |
| १२ | जमानेमान्द्रो/केशरी/जमानेचत्रो | *Mohania nepaulensis* | १/- |
| १३ | टटेलो/टोटला | *Oroxylum indicum* | १/- |
| १४ | टाँकी | *Bauhinia purpurea* | १/- |
| १५ | दार/दारगिठी | *Boehmaria rugulosa* | ३/- |
| १६ | धूपी | *Juniperus spp.* | ४/- |
| १७ | निम | *Azadirachta indica* | १/- |
| १८ | नेपाली दालचिनी/सिन्कौली | *Cinnamomum tamala* | २/- |
| १९ | पलास | *Butea monosperma* | ४/- |
| २० | पातली | *Stereospemum suaveolenis* | २/- |
| २१ | पावन/काठे काउलो | *Machilus duthiei* | ५/- |
| २२ | पैंयु | *Prunus cerasoides* | २/- |
| २३ | बकाइनो | *Melia azedarach* | १/- |
| २४ | बबुल | *Acacia nilotica* | २/- |
| २५ | भोजपत्र | *Betula utilis* | ३/- |
| २६ | भोर्ला/मालु | *Bauhinia vahlii* | १/- |
| २७ | लोध | *Symplocos racemosa* | २/- |
| २८ | वनखिरो/कुटज/इन्द्र जौ | *Holarrhena pubescens* | १/- |
| २९ | वनसुइरो | *Viburnum spp.* | २/- |
| ३० | विलौने | *Maesa chisia* | २/- |
| ३१ | सल्ला | *Pinus spp.* | १/- |
| ३२ | सिप्लीकान | *Creatave nurvala* | ३/- |
| ३३ | सेतो काउलो | *Persea odoratissima* | ६/- |
| **(घ)** | **पात/डाँठ जाति** | | |

नगर कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १ | अंगेरी | *Lyonia ovalifolia* | १/- |
| २ | अर्जुन | *Terminalia arjuna* | २/- |
| ३ | अशोक | *Saraca asoca* | १/- |
| ४ | ओखर | *Juglans regia* | २०/- |
| ५ | काफल | *Myrica esculenta* | २०/- |
| ६ | कुटमिरो/काल्चुरी | *Litsea monopetala* | १/- |
| ७ | कोइरालो/कचनार | *Bauhinia variegata* | १/- |
| ८ | खमारी | *Gmelina arborea* | ३/- |
| ९ | गिन् नेरी | *Premna barbata* | ३/- |
| १० | चुत्रो/दारुहल्दी | *Berberis spp.* | २/- |
| ११ | छतिवन | *Alstonia scholaris/A.neriifolia* | २/- |
| १२ | जमानेमान्द्रो/केशरी/जमानेचत्रो | *Mohania nepaulensis* | १/- |
| १३ | टटेलो/टोटला | *Oroxylum indicum* | १/- |
| १४ | टाँकी | *Bauhinia purpurea* | १/- |
| १५ | दार/दारगिठी | *Boehmaria rugulosa* | ३/- |
| १६ | धूपी | *Juniperus spp.* | ५/- |
| १७ | निम | *Azadirachta indica* | १/- |
| १८ | नेपाली दालचिनी/सिन्कौली | *Cinnamomum tamala* | २/- |
| १९ | पलास | *Butea monosperma* | ५/- |
| २० | पातली | *Stereospemum suaveolenis* | २/- |
| २१ | पावन/काठे काउलो | *Machilus duthiei* | ५/- |
| २२ | पैंयु | *Prunus cerasoides* | २/- |
| २३ | बकाइनो | *Melia azedarach* | १/- |
| २४ | बबुल | *Acacia nilotica* | २/- |
| २५ | भोजपत्र | *Betula utilis* | ३/- |
| २६ | भोर्ला/मालु | *Bauhinia vahlii* | १/- |
| २७ | लोध | *Symplocos racemosa* | २/- |

| | | | |
|---|---|---|---|
| २८ | वनखिरो/कुटज/इन्द्र जौ | *Holarrhena pubescens* | १/- |
| २९ | वनसुइरो | *Viburnum spp.* | २/- |
| ३० | विलौने | *Maesa chisia* | २/- |
| ३१ | सल्ला | *Pinus spp.* | १/- |
| ३२ | सिप्लीकान | *Creatave nurvala* | २/- |
| ३३ | सेतो काउलो | *Persea odoratissima* | ३/- |
| **(ङ)** | **फूल र भूवा जाति** | | |
| १ | असुरो/अडुस/वासक | *Justicia adhatoda* | १/- |
| २ | आँकको भूवा | *Calotropis spp.* | १/- |
| ३ | उत्तिसको फूल | *Alnus nepalensis* | १/- |
| ४ | कमलगट्टा | *Nelumbo nucifera* | १/- |
| ५ | कोइरालो/कचनार | *Bauhinia variegata* | १/- |
| ६ | गुराँस/चिमाल | *Rhododendron spp.* | १/- |
| ७ | टटेलोफूल/टोटला | *Oroxylum indicum* | १/- |
| ८ | टुकीफूल | *Taraxacum spp.* | २/- |
| ९ | धँयरो | *Woodfordia fruticosa* | १/- |
| १० | नागेश्वर/नारेश्वर | *Mesua ferrea* | १/- |
| ११ | पदमपुष्कर/निनाइजडी | *Iris decora* | १/- |
| १२ | बुकीफूल | *Anaphalis spp.* | १/- |
| १३ | मौवा (तराई) | *Madhuca latifolia* | १/- |
| १४ | मौवा (पहाडी) | *Engelhardtia spicata* | १/- |
| १५ | रुखकमल | *Magnolia grandiflora* | ३/- |
| १६ | सिमलको फूल | *Bombax ceiba* | १/- |
| १७ | सिमलको भूवा | *Bombax ceiba* | १/- |
| १८ | सुनपाती | *Rhododendron anthopogon* | १/- |
| **(च)** | **फल र वीज जाति** | | |
| १ | अण्डेर | *Ricinus communis* | १/- |

| | | | |
|---|---|---|---|
| २ | अपमार्ग/दतिवन | *Achyranthtu aspera* | १/- |
| ३ | अमला | *Phyllanthus emblica* | १/- |
| ४ | असना/साज | *Terminalia tomentosa* | १/- |
| ५ | इन्द्रजौ | *Holarrhena pubescens* | १/- |
| ६ | इन्द्रेणी | *Citrullus colocynthis / Trichosanthes wallichiana* | २/- |
| ७ | उत्तिस | *Alnus nepalensis* | ५/- |
| ८ | ओखर फल | *Juglans regia* | २/- |
| ९ | ओखर फलको बोक्रा | *Juglans regia* | १/- |
| १० | औलेलौठ (जैतुन) | *Olea spp.* | २/- |
| ११ | कञ्जा | *Pongamia pinnata* | १/- |
| १२ | कड्जा/करञ्जा | *Caesalpinia bondus* | १/- |
| १३ | कन्टकारी | *Solanum xanthocarpum* | १/- |
| १४ | कस्मर्द | *Cassia occidentalis* | १/- |
| १५ | काइयो फल/टकाली | *Pavetta tomentosa* | १/- |
| १६ | काउसो | *Mucuna pruriens* | १/- |
| १७ | काक्नासा | *Martynia annua* | १/- |
| १८ | कालादाना | *Ipomoea spp.* | १/- |
| १९ | कालीकाठको दाना | *Myrine semiserrata* | १/- |
| २० | कुचिला | *Strychnos nux-vomica* | १/- |
| २१ | कुसुम | *Schleichera oleosa* | १/- |
| २२ | कोइरालो/कचनार | *Bauhinia variegata* | १/- |
| २३ | कौडिल्ला | *Coix lachryma (jobi)* | १/- |
| २४ | खमारी | *Gmelina arborea* | १/- |
| २५ | खयर | *Acacia catechu* | ३/- |
| २६ | खोटेसल्लाको बीउ | *Pinus roxburghii* | २०/- |
| २७ | गोखुकडाँडा | *Tribulus terrestris* | १/- |
| २८ | चम्पावती/चाँप | *Magnolia champaca* | ५/- |

| | | | |
|---|---|---|---|
| २९ | चिउरी | *Diploknema butyracea* | १/- |
| ३० | चिलाउनेको गेडा | *Schima wallichii* | १/- |
| ३१ | जङ्गली आरु (चुली) | *Prunus davidiana* | १/- |
| ३२ | जङ्गली गुलाब | *Rosa sericea* | १/- |
| ३३ | जङ्गली जीरा (वन जिरा) | *Carum carvi* | १/- |
| ३४ | जङ्गली ज्वानो | *Apium graveolens* | १/- |
| ३५ | जामुन | *Syzygium cumini* | १/- |
| ३६ | टाप्रे | *Senna tora* | १/- |
| ३७ | टिमुर | *Zanthoxylum armatum* | २/- |
| ३८ | डालेचुक | *Hippophae spp.* | १/- |
| ३९ | ढटेलो | *Prinsepia utilis* | १/- |
| ४० | ढालेकटुस | *Castanopsis indica* | १/- |
| ४१ | तिगेडी | - | १/- |
| ४२ | थाकलको फल | *Phoenix spp.* | १/- |
| ४३ | देवदार | *Cedrus deodara* | २०/- |
| ४४ | धतुरो | *Datura spp.* | १/- |
| ४५ | धूपीको गेडा | *Juniperus spp.* | १/- |
| ४६ | नागवेली | *Lycopodium japonicum* | ५/- |
| ४७ | नागेश्वर/नारेश्वर | *Mesua ferrea* | १/- |
| ४८ | निमको बीउ | *Azadirachta indica* | १/- |
| ४९ | पलाँस | *Butea monosperma* | १/- |
| ५० | पाङ्ग्रा/लेक पाङ्ग्रा | *Entada phaseoloides/Aesculus indica* | १/- |
| ५१ | पानी अमला | *Nephrolepis cordifolia* | १/- |
| ५२ | पिपला/पिपली | *Piper longum* | २/- |
| ५३ | पियारुको फल | *Buchanania latifolia* | २/- |
| ५४ | पैंयुको फल | *Prunus cerasoides* | १/- |
| ५५ | बकाइनो | *Melia azedarach* | १/- |

| | | | |
|---|---|---|---|
| १९ | झ्याउ | *Lichen* | ५/- |
| २० | टाप्रे | *Senna tora* | १/- |
| २१ | तितेपाती | *Artemisia spp.* | १/- |
| २२ | द्रोणपुष्पी | *Leucas cephalotes* | १/- |
| २३ | नागवेली | *Lycopodium japonicum* | ३/- |
| २४ | पिप्लामुल | - | १/- |
| २५ | पुडाइनो | - | १/- |
| २६ | पुदिना | *Mentha spp.* | १/- |
| २७ | पुनर्नवा | *Boerhavia diffusa* | २/- |
| २८ | प्रिस्नपर्णी | *Uraria picta* | १/- |
| २९ | भूमि अमला | *Phyllanthus niruri* | १/- |
| ३० | भुईंकस्तुरी | *Chenopodium ambrosioides* | ३/- |
| ३१ | भृङ्गराज | *Eclipta prostrata* | १/- |
| ३२ | मेकोनोप्सिस | *Meconopsis spp.* | ३/- |
| ३३ | यार्सागुम्बा | *Ophiocordyceps spp.* | १,०००/- |
| ३४ | रगतनिसंगे | - | २/- |
| ३५ | रातो च्याउ | *Ganoderma lucidum* | १०/- |
| ३६ | लज्जावती | *Mimosa pudica* | १/- |
| ३७ | वनालु/कस्तुरी/लताकस्तुरी | *Abelmoschus moschatus* | ३/- |
| ३८ | विहिकाँडा | *Solanum nigrum* | १/- |
| ३९ | शंखपुष्पी | *Evolvulusal sinoides* | २/- |
| ४० | साधारण च्याउ | *Wild mushroom* | २/- |
| ४१ | सालपर्णी | *Uraria picta* | १/- |
| ४२ | सिमझार | *Rotala rotundifolia* | २/- |
| ४३ | सिलाजिनेला | *Selaginella spp.* | १/- |
| ४४ | सुनाखरी/सुनगाभा/जीवन्ती/गामाडोल | *Orchid* | ५०/- |
| ४५ | हडचुर | *Viscum album* | १/- |

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ४६ | हलहले | *Rumex nepalensis* | १/- |
| ४७ | हिमाली गुलाब | - | २/- |

| **(ज)** | **गम, रेजिन, लोहावन जाति** | | |
|---|---|---|---|
| १ | अगरुड (काठ) | *Aquilaria spp.* | १०/- |
| २ | काकरसिंगी | *Pistacia integerrima* | ३/- |
| ३ | मैन | *Bee wax* | १/- |
| ४ | मह (जङ्गली) | *Bee honey* | २०/- |
| ५ | लाहा/लोहवान | *Lac gum* | ८/- |
| ६ | शिलाजित | *Rock exudate/Asphaltum* | १०/- |
| ७ | सल्लाको खोटो | *Pinus spp.* | ३/- |
| ८ | सालधुप | *Shorea robusta* | ३/- |
| ९ | सिमल | *Bombax ceiba* | ३/- |
| १० | हिङ्ग | *Ferula asafoetida* | १०/- |

## अनुसूची ७: काठ, दाउरा, खयर र जडीबुटी बाहेक अन्य वन पैदावार निकासी पैठारी सिफारिस दस्तुर

### (क) वनस्पतिजन्य वन पैदावार

| **क्र.स.** | **नेपाली नाम** | **वैज्ञानिक नाम** | **एकाइ** | **मूल्य प्रति एकाइ (रु.)** |
|---|---|---|---|---|
| १ | अर्गेली | *Edgeworthia gardneri* | प्रति किलोग्राम | १/- |
| २ | अम्रिसो/अम्लिसो | *Thysanolaena latifolia* | प्रति किलोग्राम | १/- |
| ३ | अल्लो | *Girardinia diversifolia* | प्रति किलोग्राम | ३/- |
| ४ | खस्रुको आँख्खा | *Quercus semecarpifolia* | प्रति गोटा | १/- |
| ५ | गोल्वे (गाभा) | - | प्रति किलोग्राम | ३/- |
| ६ | जिम्बु | *Allium hypsistum* | प्रति किलोग्राम | ३/- |
| ७ | ठोट्ने | *Aconogonum molle* | प्रति किलोग्राम | १/- |
| ८ | डाँडी, सण्ठी, नरकट आदि झाडी | - | प्रति भारी | १/- |
| ९ | तेन्दुपात | *Diospyros spp.* | प्रति किलोग्राम | १/- |
| १० | थाकल | *Phoenix spp.* | प्रति भारी | १/- |

| | | | | |
|---|---|---|---|---|
| ११ | निगालो | *Drepanostachyum spp.* | प्रति गोटा | १/- |
| १२ | निगालोको टुसा | *Drepanostachyum spp.* | प्रति ५ गोटा | १/- |
| १३ | नेपाली रक्तचन्दन (काठ) | *Daphniphyllum himalayense* | प्रति किलोग्राम | ५/- |
| १४ | फुरु (तेलाईलीको गाँठा) | - | प्रति गोटा | ७/- |
| १५ | भलायो पात | *Semecarpus anacardium* | प्रति किलोग्राम | १/- |
| १६ | भोर्ला पात | *Bauhinia vahlii* | प्रति किलोग्राम | १/- |
| १७ | मालागिरी | *Cinnamomum glanduliferum* | प्रति किलोग्राम | ५/- |
| १८ | रक्तचन्दन | *Pterocarpus santalinus* | प्रति किलोग्राम | २००/- |
| १९ | बाँस | *Dendrocalamus spp.* | प्रति गोटा | १०/- |
| २० | बाँसको तामा | *Dendrocalamus spp.* | प्रति गोटा | १/- |
| २१ | वेत | *Calamus spp.* | प्रति किलोग्राम | ५/- |
| २२ | वनकस/बवियो/सवाईघाँस | *Eulaliopsis binata* | प्रति किलोग्राम | १/- |
| २३ | लोक्ता | *Daphne spp.* | प्रति किलोग्राम | २/- |
| २४ | सल्लाको आँख्खा | *Pinus spp.* | प्रति किलोग्राम | २/- |
| २५ | सल्लाको सिम्टा | *Pinus spp.* | प्रति किलोग्राम | २/- |
| २६ | सालको पात | *Shorea robusta* | प्रति किलोग्राम | १/- |
| २७ | सल्लाको पात/सल्लेपिर | *Pinus spp.* | प्रति भारी | १/- |

**(ख) नदीजन्य वन पैदावार**

| क्र.स. | नेपाली नाम | एकाइ | मूल्य (रु.) |
|---|---|---|---|
| १ | (क) ढुङ्गा, (ख) गिट्टी/बोल्डर, (ग) बालुवा | प्रति घन फिट | २५००/-, २०००/-, ३५००/- |
| २ | पानी (बिक्री वितरणका लागि) | प्रति ट्याङ्कर | ५०/- |

**द्रष्टव्य:**

(१) यस अनुसूचीको प्रयोजनका लागि "भारी" भन्नाले "तीस किलोग्राम" सम्झनु पर्छ।

(२) उल्लिखित वनस्पतिजन्य वन पैदावार हरियो वा सुकेको जुनसुकै अवस्थामा भएपनि मूल्य एउटै रहनेछ ।

**अनुसूची ८: भवन निर्माण तथा निर्माणजन्य फोहोर व्यवस्थापन सम्बन्धी कार्य सञ्चालनका सर्तहरू (Terms of Reference - ToR)**

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

## १. पृष्ठभूमि:

नगरपालिका क्षेत्रभित्र भवन निर्माण गर्दा निस्कने माटो, ढुङ्गा, इँटाका टुक्रा, र अन्य निर्माणजन्य फोहोरलाई व्यवस्थित गरी नगरको वातावरण स्वच्छ राख्न र ढल तथा सडक अवरुद्ध हुन नदिन यो कार्यादेश (ToR) जारी गरिएको छ । नक्सा पास गर्ने प्रत्येक व्यक्ति वा संस्थाले निर्माण कार्य सुरु गर्नुअघि यसमा उल्लेखित सर्तहरू पालना गर्ने लिखित प्रतिबद्धता जनाउनुपर्नेछ ।

## २. उद्देश्यहरू:

- निर्माण कार्यबाट निस्कने माटो र फोहोरको वैज्ञानिक व्यवस्थापन गर्ने ।
- सार्वजनिक सडक, कुलो, ढल र छिमेकीको जग्गामा फोहोर थुप्रन नदिने ।
- नगरपालिकाद्वारा तोकिएको डम्पिङ साइट (Damping Site) को पूर्ण उपयोग सुनिश्चित गर्ने ।

## ३. कार्य सञ्चालनका मुख्य सर्तहरू (Terms and Conditions):

### क) माटो तथा भग्नावशेष व्यवस्थापन:

१. जग्गा सम्याउँदा वा जग खन्दा निस्कने बढी भएको माटो (Spoil) लाई निर्माणकर्ताले अनिवार्य रूपमा नगरपालिकाले तोकेको **डम्पिङ साइट (Damping Site)** मा मात्र विसर्जन गर्नुपर्नेछ ।

२. खोला, खोल्सा, सार्वजनिक जग्गा, सडक किनार वा जलाधार क्षेत्रमा माटो फाल्न पूर्ण रूपमा निषेध गरिएको छ ।

३. माटो ढुवानी गर्दा सडकमा नखस्ने गरी त्रिपालले छोपेर वा व्यवस्थित कन्टेनरमा मात्र ढुवानी गर्नुपर्नेछ ।

### ख) निर्माणजन्य फोहोर (Construction Waste) व्यवस्थापन:

१. निर्माण कार्यबाट निस्कने सिमेन्टका खाली बोरा, डन्डीका टुक्रा, काठका टुक्रा र प्लाष्टिकजन्य फोहोरलाई स्रोतमा नै छुट्याई पुन: प्रयोग वा विसर्जनको व्यवस्था मिलाउनुपर्नेछ ।

२. छिमेकीको जग्गा वा सार्वजनिक बाटोमा निर्माण सामग्री (ढुङ्गा, बालुवा, गिटी) थुपारेर आवागमनमा बाधा पुऱ्याउन पाइने छैन ।

### ग) ढल तथा सडक सुरक्षा:

१. निर्माण कार्य गर्दा निस्कने धुलो र हिलोले सार्वजनिक ढल प्रणाली अवरुद्ध नहुने गरी सुरक्षाका उपायहरू (जस्तै: Fence वा साउण्ड ब्यारियर) अपनाउनुपर्नेछ ।

२. सडक किनारमा निर्माण सामग्री राख्नुपर्ने विशेष अवस्थामा नगरपालिकाको पूर्व अनुमति लिनुपर्नेछ र सो सामग्रीले गर्दा हुने धुलो नियन्त्रणका लागि नियमित पानी छर्कनुपर्नेछ ।

## ४. विसर्जन प्रक्रिया र दस्तुर:

- नगरपालिकाले तोकेको डम्पिङ साइट प्रयोग गरे बापत तोकिएको शुल्क (यदि भएमा) बुझाएको रसिद सुरक्षित राख्नुपर्नेछ ।
- विसर्जन स्थलमा नगरपालिकाको वातावरण निरीक्षक वा सम्बन्धित कर्मचारीको निर्देशन पालना गर्नुपर्नेछ ।

## ५. अनुगमन तथा कानुनी कारबाही:

- नगरपालिकाले निर्माण अवधिको जुनसुकै समयमा अनुगमन गर्न सक्नेछ।
- यी सर्तहरू उल्लंघन गरी जथाभाबी माटो वा फोहोर फालेको पाइएमा **नारायण नगरपालिकाको वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२** बमोजिम **रु.**

**५,००० देखि रु. १,००,००० सम्म जरिवाना** गरिनेछ र नक्सा पास प्रक्रिया वा निर्माण कार्य रोक्का गर्न सकिनेछ ।

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

**आज्ञाले**
**बम बहादुर के.सी.**
**हस्ताक्षरः** ..............................
**पदः प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत

**प्रमाणीकरण**
**लोमन शर्मा**
**हस्ताक्षरः** ..............................
**नगर प्रमुख**

नगर प्रमुख